मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २४३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन ४ गते शुक्रबार (Friday, 19 July 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## अस्पतालको झ्यालबाट खसेपछि...

**झापा, साउन ३।** भरतपुरको पुरानो मेडिकल कलेजको तेस्रो तलाबाट खसेर एक बिरामीको मृत्यु भएको छ।

हुप्सीकोट-२, घर भएको ७६ वर्षीय बलबहादुर खाम्चा मगर विहीवार साढे ११ बजे अस्पतालको झ्यालबाट खसेर गम्भीर घाइते भएकोमा सोही अस्पतालमा मृत्यु भएको हो। मगर बुधबार पिसाब थैलीमा क्यान्सर भएकोले अस्पतालमा उपचार गर्न आएका जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोकिनसहित दुई विदेशी पक्राउ



**काठमाडौँ, साउन ३।** लागूऔषध नियन्त्रण ब्यूरोको टोलीले एक किलो एक सय ग्राम अवैध लागूऔषध कोकिनसहित दुई विदेशी नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारतीय नागरिक २३ वर्षीय फहिमुद्दिननासिमुद्दिन अन्सारी तथा नाइजेरियन नागरिक ४४ वर्षीय इकेचुकवा सिरिल ओबोडोइफुला रहेका लागूऔषध नियन्त्रण ब्यूरोका प्रमुख एवम् प्रहरी वरिष्ठ उपरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए। उनका अनुसार कतार एअरलाइन्सबाट साउन १ गते नेपाल आएका नाइजेरियन नागरिक ओबोडोइफुलाले ल्याएको उक्त कोकिनसहित भारतीय नाकगरिक अन्सारीलाई ठमेलबाट पक्राउ गरिएको हो।

उक्त कोकिन लिएर आएका नाइजेरियन नागरिक ओबोडोइफुलालाई पनि काठमाडौँको पिङ्गलास्थानबाट पक्राउ गरिएको प्रमुख आचार्यले बताए। उक्त कोकिन ल्याएर अन्सारी इन्डिगो एअरलाइन्ससबाट मुम्बई हुँदै काठमाडौँ आएका खुल्नमा आएको ब्यूरोले जनाएको छ।

उक्त कोकिन क्याप्सुल बनाएर ज्याकेटमा लुकाएर कतारदेखि ल्याएको खुलेको प्रहरीले जनाएको छ। पक्राउ परेकाहरुमाथि लागूऔषध नियन्त्रण ऐन २०३३ अनुसार कारबाही हुने ब्यूरोका प्रमुख एवम् प्रहरी वरिष्ठ उपरीक्षक आचार्यले बताए।

**एकल महिलाको प्रश्न**

# के एक्लो महिलाको अस्तित्व हुँदैन ?'

**काठमाडौं, साउन ३।** भाँडै माझ्न परे पनि गर्छु, काम दिनुपर्‍यो हजुर- काखमा दूधे बालक बोकेर जुनु तामाङले होटलका साहुसँग रोजगारीको अपिल गरिरहेकी थिइन्। साहुले जवाफमा भने -बच्चा बोकेर कसरी भाँडा माझ्छौ ? दिनभरि चार ठाउँ होटल चहार्दा समेत उनलाई काम पाउन गाह्रो भयो।

जुनुले त्यही भाँडा माझ्न पनि पाइनन्। हातमा केही सिप छैन। काखको सन्तान पाल्नकै लागि उनले जसरी पनि मजदुरी गर्नैपर्छ। संखुवासभा चिचिला गाउँपालिकाबाट उनी काठमाडौँ आएको तीन वर्ष भयो। एक वर्षसम्म यसरी नै होटलमा काम खोज्दै हिँडेको जुनुले बताइन्। कतै एक महिना त कतै छ महिना जुठो भाँडा माझेर सन्तान हुर्काइन्।

डेङ्गु लागेर तीन वर्षअघि श्रीमानको मृत्यु भएपछि उनको जीवन सहज हुन सकेन। आर्थिक रुपले सक्षम नहुँदा तामाङलाई छोराछोरी पाल्न मुस्किल छ। रोगले श्रीमान् बिते पनि उनलाई समाज र आफन्तले विभिन्न आरोप लगाएर पीडा दिन छाडेका छैनन्। लोग्ने खोई भनेर आफन्तले नै कुरा काट्न थले,



मनभरि पीडा बोकेर सन्तान कोखी च्यापी शहर पसेँ- उनी तीन वर्षअघिको शहर पस्दाको क्षण सम्झँदै भन्छिन्- यहाँ आउँदा पनि सजिलो कहाँ छ र ? एक्ली महिलालाई न रोजगार पाउन सजिलो, न कोठा भाडा नै।

एकल महिला भएकै कारण भक्तपुरकी प्रभा महर्जनले परिवारबाटै हेला खेप्नु पर्‍यो। श्रीमानसँग सम्बन्ध विच्छेद गरिन्। श्रीमान् बितेको भए कठै र बरा भनेर संवेदना दिने समाजमा उनले श्रीमान् स्वेच्छाले छोड्दा थुप्रै आरोप खेप्नुपर्‍यो। लोग्ने छोडेकी भनेर दाजुभाइ नै बोली बार्न थाले- उनले भनिन् - के हामी महिलालाई एक्लै बस्ने हक छैन र ? श्रीमानकै अंश पाउन मुद्दाको झमेला खेप्नुपर्ने सङ्घर्ष सजिलो नभएको उनको अनुभव छ। अंशको हक पाउन पाँच वर्ष अदालत धाउनु परेको उनी बताउँछिन्।

स्याङ्जाका सैना सुनारले दुर्घटनामा श्रीमान् गुमाएपछि चरित्रमाथि नै प्रश्नहरु उठ्न थालेको गुनासो गरिन्। श्रीमान् हुँदा परिवार र समाजले जुन सम्मानपूर्वक व्यवहार गर्थ्यो नहुँदा ठीक उल्टो व्यवहार पाएको उनी बताउँछिन्। सात वर्षअघि दुर्घटनामा परेर श्रीमान् गुमाएकी सैनाको यसमा कुनै दोष छैन तर पीडित भने परिवारले उनलाई नै दोष दिने गरेको सुनाइन्। यहाँसम्मकी श्रीमान् गुमाएको एक वर्षमै सुनारले विभिन्न खाले लाञ्छना खेप्नुपर्‍यो। ससुराबाट चोरीको

*(बाँकी अन्तिम पृष्ठमा)*

## बालिका बेपत्ता



**अर्जुनधारा, साउन ३।** अर्जुनधारा नगरपालिका-५ पानीकलक निवासी १३ बर्षीय रोशनी महरा दर्जी गत ३ दिनदेखि बेपत्ता भएकी छिन्।

बिर्तामोडस्थित एक बिद्यालमा कक्षा ७ मा अध्ययनरत् रोशनी असार ३२ गते बिहान ५ बजे घरबाट हराएकी उननी आमा माया महरा दर्जीले बताइन्।

एकपटक एक महिलासँग फोनमा कुरा हुँदा दिक्तेलमा रहेको बताएको र त्यही समयदेखि फोन सम्पर्क हुन नसकेको उनका बुबा बिनोद महरा बताए। छोरी नाबालिका रहेको र बिबाह गर्ने उमेरसमेत नभएकोले कसैले ललाई फकाई गरी बेपत्ता बनाएको शंकाले बिर्तामोड इलाका प्रहरी कार्यालयमा निवेदन दिएको महराले बताए।

प्रहरीले खोजी गरिदिउँला भने पनि अहिलेसम्म केही पत्तो नभएको महराले बताए। बिनोद बिगत १० बर्ष देखि दृष्टिबिहीन भई घरमै बसेकोले श्रीमतीले ज्याला मजदुरी गर्रा घर परिवार चलाइरहेको र आफू कतै खोजी गर्न समेत जान नसक्ने भएकोले प्रहरी प्रशासन, पत्रकार एवम् सम्पूर्णमा छोरी खोजी गरिदिन महराले अनुरोध गरेका छन।

कनकाई सहारा सर्पदंश उपचार केन्द्र

## १७७ जनाले लिए सेवा

**झापा, साउन ३।** कनकाई सहारा सर्पदंश उपचार केन्द्रमा यस बर्ष एक सय ७७ जनाले सेवा लिएका छन्। उपचार केन्द्रबाट आर्थिक बर्ष २०८०/०८१ मा एक सय ७७ जनाले सर्पको टोकाईको उपचार सेवा लिएका हुन्।

झापाको कनकाई नगरपालिका-४स्थित कोटीहोममा २०७३ सालमा स्थापना भएको उपचार केन्द्रमा झापाका बिभिन्न स्थानबाट सर्पको टोकाईको उपचारका लागि बिरामी आउने गरेका सेवा केन्द्रका प्राबिधिक (एचए) उज्वल खुलालले जानकारी दिए। उनका अनुसार आर्थिक बर्ष २०७९/०८० मा २ सय बढीले उक्त उपचार केन्द्रबाट सेवा लिएका थिए। नयाँ आर्थिक बर्षको साउन २ गतेसम्ममा एक जनाले मात्र सेवा लिएका छन्।

उपचार केन्द्रमा धेरैजसो कनकाई, शिवसताक्षी, अर्जुनधारा, केही बिर्तामोड नगरपालिकाबाट पनि आउने गरेका छन् भने झापा, बाह्रदशी गाउँपालिका साथै भारतको दिगल बैंकलगायतबाट समेत सर्पको टोकाईको उपचार गर्न उपचार केन्द्रमा आउने गरेको प्राविधिक खुलालले बताए। केन्द्रमा एक जना




अनकल डाक्टर, पाँच जना प्राबिधिक, २ जना सहायकसहित आठ जना कर्मचारी रहेको बताइएको छ। उक्त उपचार केन्द्रमा करिब ९० प्रतिशत अबिसालु सर्पका टोकाईका बिरामी आउने गरेका खुलालको भनाइ छ।

झापा बिर्तामोड- २ चारपानेमा मुख्य कार्यालय रहेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको अगुवाईमा ६३ बढी संघसंस्थाको आवद्धतामा उपचार केन्द्रको स्थापना भएको थियो। स्थानीय ठाउँमै सर्पदंश उपचार केन्द्र स्थापना भएपछि सर्पको टोकाईबाट अकाल मृत्यु हुने क्रम घट्दै गएको छ।

## जीवाणु मलको माग बढ्यो

**झापा, साउन ३।** बिर्तामोड नगरपालिका- २ चैतुबारीमा हाई हिमालयन अर्ग्यानिक प्रालिले उत्पादन गरेको जीवाणु मलको माग बढ्न थालेको छ। प्रालिले थ्री स्टार ब्राण्डका चार प्रकारका प्राकृतिक जैविक मल उत्पादन गरिरहेको छ।

यहाँबाट उत्पादित मलको प्रयोगले रासायनिक मलको आयातलाई प्रतिस्थापन गर्नाका साथै माटोको उर्वरा शक्तिलाई बढाउने हुँदा यसको माग बढेको प्रालिका अध्यक्ष प्रदीप घिमिरेले बताए। उनका अनुसार कारखानाबाट पातमल, जरामल, धुलोमल र माछामल उत्पादन भइरहेको छ। यहाँ उत्पादित मल झापा, इलाम, सुनसरी र मोरङमा प्रयोग हुँदै आएको छ। दुई वर्षअघि करिब एक बिगाहा जमिन भाडामा लिएर रु. ६० लाखको लागतमा शुरु गरिएको कारखानामा हाल रु. तीन करोड बढी लगानी भइसकेको बताइएको छ।

स्थानीय व्यक्तिको सहयोगमा सञ्चालन गरिएको कारखानाबाट उत्पादन हुने पातमल, जरामल, धुलोमलको प्रयोगले बोटबिरुवालाई छिटो बढ्न, राम्रो उत्पादन



दिन र बाली संरक्षक प्राङ्गारिक जीवाणुको रक्षा गर्ने उनले बताए। माछामलले पोखरीमा माछाका लागि प्राकृतिक खाद्य पदार्थ बढाउन मद्दत गर्दै आएको छ। जीवाणु प्रविधिमा आधारित यी मलको माग दिनानुदिन बढिरहेको जनाउँदै कारखानाका सञ्चालक घिमिरेले माटोमा पहिले प्रयोग भएको रासायनिक मलको नकारात्मक असर हटाउन, जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न र रोग कीराको प्रकोप नियन्त्रण गर्नसमेत यसले सहयोग पुर्‍याउने बताए।

महिनामा एक हजार मेट्रिक टन मल उत्पादन गर्न सक्ने क्षमताको कारखानाबाट विगत छ महिनादेखि व्यावसायिक उत्पादन शुरु भएको छ। कारखानाबाट एकपटकमा सय टन धुलो मल र महिनामा ६० देखि ७० हजार लिटर झोल मल उत्पादन हुँदै आएको छ। स्थानीयस्तरमा पाइने, झारपात, काठको धुलो, पिना, गाईको गोबर, गहुँतलगायतको कच्चापदार्थ यो मल बनाउन प्रयोग हुने गरेको अध्यक्ष घिमिरेले जानकारी दिए। हाई हिमालयनले कम्पोस्ट मल प्रतिकिलो रु. ४० र झोलमल प्रतिलिटर रु. ४० का दरले बिक्री गर्दै आएको छ। सरकारले जैविक मल उत्पादक उद्योगी र प्रयोगकर्ता किसानलाई प्रोत्साहन अनुदान दिँदै आएको छ। उनले जैविक मल उत्पादन गर्ने तरिका अध्ययनका लागि थाइल्याण्ड, फिलिपिन्स, डेनमार्क, बेल्जियमलगायत देशको भ्रमण गरिसकेको बताए। त्यहाँको अनुभव र प्रविधिलाई समेत हामीले यहाँ प्रयोगमा ल्याइरहेका छौँ - उनले भने। उनले सरकारले किसानलाई रासायिनक मलमा अनुदान दिने गरेको तर प्राकृतिक जैविक मललाई बेवास्ता गर्ने गरेको आरोप लगाए। उनले सरकारले बेवास्ता गरे पनि किसानको मागलाई धान्नका

*(बाँकी अन्तिम पृष्ठमा)*

# बिर्तासिटीमा पिडियाट्रिक एन्डोक्राइनोलजी सेवा

**झापा, साउन ३।** बालबालिकाको हर्मोनका कारण देखा पर्ने विभिन्न समस्याहरुको पहिचान गर्दै उपचार गर्ने विशेषज्ञ डा. हुन् ज्योति अग्रवाल।

उनी बिर्तामोडस्थित पूर्ण टुङ्ग बिर्तासिटी अस्पतालमा कार्यरत छिन्। पिडियाट्रिक एन्डोक्राइनोलजीमा फेलोसिप गरेकी उनी पूर्वमा कार्यरत एक मात्र चिकित्सक हुन्। साउथ इस्ट एसिया पिडियाट्रिक एशोसिएसनको हालै सम्पन्न सेमिनारको नेतृत्व उनकै अगुवाइमा भएको थियो। विभिन्न ६ वटा देशका पिडियाट्रिक विशेषज्ञ डाक्टरहरुले सेमिनारमा सहभागिता जनाएका थिए।

भारत, बंगलादेश, श्रीलङ्का, पाकिस्तान जस्ता देशहरुमा पछिल्लो समय बालबालिकामा कस्ता समस्या देखापरिरहेका छन् र नेपालमा रहेका बालबालिकामा कस्ता-कस्ता समस्या देखिएको र उनीहरुको उपचार कसरी गर्ने भन्ने विषयमा छलफल भएको डा. अग्रवालले बताइन्। हाल बालबालिकामा पिडियाट्रिक डाइबेटिज र पिडियाट्रिक थाइराइडको समस्या बढेर गएको डा. अग्रवालको भनाइ छ। कतिपय बालबालिकामा पिडियाट्रिक डाइवेटिज र पिडियाट्रिक थाइराइड गर्भावस्थाबाट नै शुरु हुने उनको भनाइ छ। कतिपय बालबालिकामा थाइराइडको ग्रन्थी नै नहुने र कतिपय बालबालिकामा भएको ग्रन्थीले पनि काम नगर्ने अवस्थाका विरामी उपचारका लागि अस्पतालमा आउने गरेको उनको भनाइ छ।

जंघफुड, प्याकेडका तयारी खानेकुरा , मोवाइल, टिभी र ग्याजेटको बढी प्रयोगका कारण पनि बालबालिकामा यस्तो समस्या हुने गरेको डा. अग्रवाल बताउँछिन्। जसका कारण बालबालिकामा मोटोपन बढेर जाने र टाइप टु डाइवेटिज, थाइराइडको समस्या हुने गरेको उनको भनाइ छ।

कतिपय आमाहरुले बच्चा जन्मिएपछि राम्रोसँग स्तनपान नगराउँदा समेत यस्ताखाले समस्याहरु देखापर्ने गरेको डा.अग्रवालले बताइन्। उनले नवजात शिशुलाई राम्रोसँग स्तनपान गराउन आमहरुलाई सुझाव समेत दिइन्।

हाल बिर्तासिटी अस्पतालमा डा. अग्रवालकै नेतृत्वमा टाइप वान, टाइप टू डाइवेटिज, थाइराइडको उपचार भइरहेको छ। यसका साथै पिडियाट्रिक एन्डोक्राइनोलजी अन्तरगत नै पर्ने हर्मोनल डिस्ब्यालेन्सका कारण बालबालिकामा देखा पर्ने होचोपन, अस्वभाविक अग्लोपनको समेत उपचार भइरहेको डा. अग्रवालले बताइन्।

बालबालिकामा तत्वको फेरबदलले गर्दा पनि विभिन्न खाले समस्या देखा पर्ने गरेको उनको भनाइ छ। सोडियम, पोटासियम, क्याल्सियमको फेरवदलले समेत यस्ताखाले समस्या हुने गरेको उनको भनाइ छ।

बालिकाहरुमा हर्मोनल समस्याका कारण समयभन्दा अगाबै शरीरमा रौ पलाउने, छाती ठूलो हुने, समय नपुगी महिनावारी हुने जस्ता समस्या समेत आउने गरेको उनको भनाइ छ।


यस्ता बालवालिकाको समेत बिर्तासिटीमा उपचार हुने गरेको डा. अग्रवाल बताउँछिन्। यस्ता समस्या बालबालिकामा देखा परे तत्काल पिडियाट्रिक एन्डोक्राइनोलजीष्टलाई देखाउनु पर्ने उनको सुझाव छ।

बिर्तासिटी अस्पतालसहित काठमाडौंस्थित कान्तिबाल अस्पताल र बुटवलमा मात्रै यो सेवा रहेको उनको भनाइ छ। नेपालमा हाल पिडियाट्रिक एन्डोक्राइनोलजी डा.४/५ जना मात्र रहेको उनले बताइन्।

डाइवेटिज हुने बालबालिका दुब्लाउँदै जाने, पानी धेरै खान खोज्ने, खाना धेरै खाँदा समेत नमोटाउने, छिन-छिनमा भोकाउने जस्ता लक्ष्यण देखा पर्ने र थाइराइड हुँदा कोही बालबालिका मोटाउने र कोही दुब्लाउँदै जाने डा. अग्रवालले बताइन्। बालवालिकामा यस्ता समस्या देखा परे तत्काल चिकित्सकसँग परामर्श लिन उनको सुझाव छ।

थाइराइड हुने धेरैजसो बालवालिका मोटाउँदै जाने,

*(बाँकी अन्तिम पृष्ठमा)*



**डा. ज्योति अग्रवाल**
**पिडियाट्रिक एन्डोक्राइनोलजी**

# मध्यपहाडी राजमार्गको ४० किलोमिटर क्षतिग्रस्त

**पाँचथर, साउन ३ ।** बाढीपहिरोका कारण पुष्पलाल (मध्यपहाडी) राजमार्गको उद्‌गम खण्डको १२ किलोमिटर सडकमा धेरै क्षति भएको छ भने समग्रमा ४० किलोमिटर क्षेत्रका पुलपुलेसा, कल्भर्ट बगेका छन् ।

बाढीपहिरोका कारण कालोपत्रेको चरणमा रहेको उक्त सडकको विभिन्न स्थानमा क्षति भएको फिदिमस्थित पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय प्रमुख वीरेन्द्रकुमार यादवले जानकारी दिए ।

राजमार्गको उद्‌गमविन्दू चिवाभञ्ज्याङबाट पाँचथरको याङ्वरक गाउँपालिका-४ दारिम्बासम्म ५१ किलोमिटर सडक कालोपत्रेका क्रममा छ । यही खण्डमा असार पहिलो साता परेको अत्यधिक वर्षाले दर्जनौं स्थानमा पहिरो खस्दा ठूलो क्षति भएको उनले बताए ।

यहाँको ओयाम खोला र फलाम खोलामा रहेका पक्की सडक पुल नै बाढीले बगाएको छ । सिलसिले खोलाको पुलमा पनि क्षति भएको छ । बाढीपहिरोले यहाँका साना-ठूला गरी आठवटा पुलामा क्षति भएको प्रमुख यादवले बताए । बाढीपहिरोका कारण धेरै स्थानमा सडक पुरिएको छ भने कतिपय स्थान दबेर तथा बगेर गएको छ । याङ्वरक गाउँपालिका- १ च्याङथापू वडा नं -२ फलैंचा, वडा नं -३ ओयाम र वडा नं ४ र ५ थर्पूको सडकमा क्षति भएको बताइएको छ । सबैभन्दा बढी वडा नं -३ ओयाममा सडक क्षति भएको याङ्वरक गाउँपालिका-३का वडाध्यक्ष विमल राईले बताए ।

वडाध्यक्ष राईका अनुसार बाढीपहिरोले अवरुद्ध सडक पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय फिदिम तथा याङ्वरक गाउँपालिकाको समन्वयमा एकतर्फी सञ्चालन भए पनि सहज बनाउन समय लाग्नेछ । अहिले मध्यपहाडी राजमार्ग कामचलाउ सञ्चालन भए पनि वर्षा हुनासाथ दुर्घटनाको जोखिम हुनेगरेको बताउँदै राईले भने -यस क्षेत्रका अन्य ग्रामीण सडकहरुमा समेत धेरै क्षति पुर्‍याएको छ ।

बाढीपहिरोले सडकका अतिरिक्त खानेपानीका मुहान तथा ट्याङ्की, लघुजलविद्युत् योजना, सिँचाइका योजनामा पनि ठूलो क्षति भएको छ । याङवरक-२ का वडाध्यक्ष देउकुमार योङहाङका अनुसार स्थानीयवासीका आयआर्जनको मुख्य माध्यम अलैंचीखेती हुने सयौं रोपनी जमिन पहिरोले बगाएको छ । बाढीले गत वर्ष मध्यपहाडी राजमार्गमै पर्ने दोभान खोलाको सडक पुल बगाएको थियो । उक्त पुल हालसम्म पुनःनिर्माण भएको छैन ।

यसैबीच, याङ्वरकका पाँचवटा वडामा भएको क्षतिको विवरण सङ्कलन भइरहेको गाउँपालिका उपाध्यक्ष बाबा मेन्याङ्बोले जानकारी दिए । जिल्ला प्रशासन कार्यालयले बाढीपहिरोबाट हालसम्म १० परिवार पूर्ण रूपमा विस्थापित भएका जनाएको छ ।

# झापामा यस वर्ष चार वटा हात्ती मरे

**झापा, साउन ३।** झापामा एक वर्षको अवधिमा छ जना मानिस र चारवटा हात्तीको मृत्यु भएको छ । गत आर्थिक वर्ष २०८०/०८१ मा जिल्लाका विभिन्न स्थानमा हात्तीको आक्रमणमा परी छ जना मानिसको मृत्यु भएको र विभिन्न स्थानमा चारवटा हात्ती मरेको अवस्थामा फेला परेको डिभिजन वन कार्यालयका प्रमुख मेघराज राईले जानकारी दिए ।

विगत १४ वर्षको तथ्याङ्क हेर्दा हात्ती मृत्युको सङ्ख्या उच्च हो । आव २०६७/०६८ देखि आव २०७९/०८० सम्म एक-दुई र आव २०७५/७६ मा तीन हात्तीको मृत्यु भएको कार्यालयको तथ्याङ्कमा छ । दाह्रा काटिएको अवस्थामा हात्ती मृत फेला परेकाले जिल्लामा हात्तीको सिकार भइरहेको पुष्टि भएको छ ।

हात्तीको आक्रमणबाट मृत्यु भएका चार जनाका परिवारले रु. १० लाखका दरले रु. ४० लाख र अन्य क्षति (घाइते, घर भत्काएको, अन्नपात नष्ट गरेको) बापत रु. ३० लाख क्षतिपूर्ति पाएका छन् । हात्तीको आक्रणमा घाइते भएकालाई रु. दुई लाख क्षतिपूर्ति दिने व्यवस्था भए पनि घाइतेको उपचारमा मोटो रकम खर्च हुने गरेको प्रमुख राई बताउँछन् ।

झापा देशभरिमै सबैभन्दा बढी हात्ती प्रभावित जिल्लामा पर्छ - उनले भने - गत वर्ष देशभरि बाँढिएको राहत रकममध्ये करिब ११ प्रतिशत झापामा बाँडिएको थियो । हात्तीलाई छेकबार गर्न जति नै प्रयास गरे पनि हरेक वर्ष हात्ती पूर्वबाट प्रवेश गरेर कोशी पुगेर फर्किने गरेको उनी



बताउँछन् ।

गत आवमा जिल्लामा हात्तीपीडितका लागि रु. एक करोड ५० लाख राहत माग गरिए पनि रु. ७० लाख मात्र आएको कार्यालय प्रमुख राई बताउँछन् । उनी भन्छन् - राहत रकम बेलैमा नआउँदा समस्या भएको छ, चाँडै आउने जानकारी पाएका छौं । झापामा आव २०६७/०६८ देखि आव २०८०/०८१ सम्म ६० जना मानिस र २१ हात्तीको मृत्यु भएको छ । त्यसमध्ये सात जना गैरनेपाली रहेको कार्यालयका सूचना अधिकारी अञ्जना पुरीले जानकारी दिइन् ।

विगत १४ वर्षमा चार हजार पाँच सय हात्ती पीडितलाई रु. नौ करोड राहत वितरण गरिएको कार्यालयले जनाएको छ । झापामा २५ देखि ३० रैथाने हात्तीमध्ये १० रैथाने हात्तीको नामकरणसमेत गरिएको छ । पछिल्लो समय हात्तीलाई जङ्गलभित्रै रहने वातावरण निर्माण गर्न वनभित्र सिमसार, हात्तीफल, केरा, बाँस लगायतका हात्तीले मन पराउने आहारा लगाउन थालिएको छ । हात्ती प्रभावित क्षेत्रमा टर्चलाइट, साइरन लगायतका सामग्री वितरण गरिएको कार्यालयका वन अधिकृत ऋषिराज पराजुलीले बताए ।

# कोशी प्रदेशमा ७७ जनाको मृत्यु

**बेलबारी, साउन ३।** प्राकृतिक विपत्तिबाट कोशी प्रदेशमा गत आर्थिक वर्षमा ७७ जनाको मृत्यु भएको छ । कोशी प्रदेश प्रहरी कार्यालयका अनुसार बाढीबाट मृत्यु हुनेको सङ्ख्या सबैभन्दा बढी छ ।

प्रदेशका विभिन्न एक सय १७ स्थानमा बाढीमा परी २२ जनाको निधन भएको छ भने २४ जना घाइते भएका कोशी प्रदेश प्रहरी प्रवक्ता भीमबहादुर दाहालले जानकारी दिए ।

यसैगरी प्रदेशका विभिन्न एक हजार सात सय ३१ स्थानमा भएका आगलागीका घटनामा २० जनाले ज्यान गुमाएको र एक सय ३४ जना घाइते भएका छन् ।

दाहालका अनुसार जङ्गली जनावरको आक्रमणबाट १३ जनाको मृत्यु भएको तथा ५७ जना घाइते भएका, चट्याङ लागेर १३ जनाले ज्यान गुमाएका तथा ३६ जना घाइते भएका, चार सय ९६ स्थानमा पहिरो खस्दा नौ जना पुरिएका र २० जना घाइते भएका छन् । सात हजार माथि चौपाया मरेका छन् ।

## के एक्लो...

आरोप लागेपछि उनले घर छोडेर काठमाडौं आएर तरकारी व्यापार गर्न थालिन् ।

रोल्पा त्रिवेणी गाउँपालिकाका धनसरी बिकले बाल्यकालमै बिहे गरिन् । दश वर्षअघि अन्तरजातीय भागी विवाह भयो । एउटा छोरा जन्माएपछि उनलाई श्रीमानले छोडिदिए । न पढाइ न लेखाइ । धनसरी छोरो लिएर माइतीमै बस्न थालिन् । उनकी आमा एकल महिला हुन् । घर खर्च धान्ने स्थिति छैन । धनसरा छोरो पाल्नकै लागि भारत मजदुरी गर्न गइन् । श्रीमानले छोडेकी नकचरी भन्दै गाउँभरि कुरा काट्छन् । सुखले बस्न दिँदैनन् - उनी भन्छिन् - गाउँमै कुखुरापालन गरेँ, तरकारी खेती गरेँ । कुरै काटेर बस्नै नदिएपछि भारत जान बाध्य भएकी हुँ ।

एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० मा उल्लेख भएअनुसार एकल महिला भन्नाले आर्थिक दृष्टिले विपन्न सम्बन्ध विच्छेद गरेकी महिला, विधवा, ३५ वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला, अंशबण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिलालाई बुझाउँछ । सरकारले एकल महिला लक्षित थुप्रै सकारात्मक कार्य गरे पनि कार्यान्वयनको अभावका कारण एकल महिला अधिकार सम्पन्न बन्न नसकेको एकल महिला अधिकारकर्मीहरु बताउँछन् ।

मानव अधिकारका लागि महिलाः एकल महिला समूहका अध्यक्ष कविता पाण्डेका अनुसार राज्यले एकल महिलाको अधिकार सुनिश्चित कागजमा मात्रै गरेको बताउँछिन् । उनले एकल महिलाको अवस्थाबारे गरेको अध्ययनपत्रको निष्कर्षमा एकल महिलाको मानव अधिकार खोसिँदै गएको उल्लेख छ । अध्ययनपत्रमा देशभर एकल महिला १० लाख एक सय ८५ जना एकल महिला छन् । राष्ट्रिय तथ्याङ्क २०७८ मा सात प्रतिशत एकल महिलाको जनसङ्ख्या रहेको उल्लेख छ । यसमा १९ प्रतिशत एकल महिला साक्षर छन् भने १२ प्रतिशत एकल महिलाको मात्रै घर छ ।

सो अध्ययनले ४९ प्रतिशत एकल महिला परिवारविहीन छन् । उनीहरु एक्लै जीवन बिताउन बाध्य छन् । एकल महिला जीवनभर एक्लै बस्न बाध्य छन् पाण्डेले भनिन् -जसले गर्दा धेरैलाई 'डिप्रेसन'को शिकार हुनुपरेको स्थिति छ । एकल महिला जग्गा र जमिनको पहुँचमा पनि पछि नै छन् । ३९ प्रतिशत जग्गामा पहुँच रहेको तथ्याङ्क छ । रोजगारको हिसाबले ४.८ प्रतिशत एकल महिला मात्रै रोजगारमा सक्रिय छन् भने १.३ प्रतिशत घरेलु उद्योगमा र ४.३ प्रतिशत व्यवसायमा छन् । विश्वको तथ्याङ्क केलाउने हो भने २८ करोड ५० हजार एकल महिला छन् । एक करोड १५ लाख एकल महिला एकदमै कष्टकर र गरिबीको जीवन बिताउन बाध्य रहेको तथ्याङ्क छ । झण्डै १५ लाख एकल महिलाका बालबालिकाले पोषण नपाएर मृत्यु भएका छन् । आर्थिक र सामाजिक हिसाबले पछि परेका एकल महिलालाई उमेरको हद बिना नै सामाजिक सुरक्षा भत्ता दिनुपर्ने उनको जोड छ । यति मात्रै नभई स्वास्थ्य, शिक्षा र यातायातमा छुट दिनुपर्ने उनी बताउँछिन् ।

राष्ट्रिय महिला आयोगले एकल महिलाको पछिल्लो अवस्था सङ्कलन गर्न सातवटै प्रदेशमा अन्तरक्रियात्मक गतिविधि गरेको थियो । बागमती प्रदेशमा गरेको अन्तरक्रियामा सहभागी एकल महिलाले स्थानीय तहमा एकल महिलाले पाउनुपर्ने भत्ता सहज नगरिदिँदा समस्या झेल्नुपरेको बताएका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लिली थापाले मानव अधिकार आयोगमै एकल महिलाको मुद्दा सम्बोधन गर्न नसकेको स्वीकार गरिन् । उनले आफू सदस्य भएपछि धेरैपटक एकल महिलाका मुद्दा उजागर गर्दा यसलाई मानव अधिकारको विषय नै नबनाइने विडम्बना रहेको बताइन् । साथै, राज्यले नै एकल महिलाको संरक्षण गर्न बनाएको एकल महिला सुरक्षा कोष पाँच वर्षसम्म पनि लागू नहुनुले मुलुकका सात प्रतिशत जनसङ्ख्या भएका एकल महिलाले कष्टपूर्ण जीवनयापन गर्नुपरेको उनको भनाइ छ । पाँच वर्षमा चार महिला मन्त्री परिवर्तन भए तर कोष कार्यान्वयनमा आएको छैन- उनले भनिन् - कोषमा रु. छ करोड बजेट 'फ्रिज' भएको छ, एकल महिलाले दुःख पाएका छन् । उनले महिला मन्त्रालयले कोषको रकम परिचालन गर्न सरकारलाई दबाब दिइरहेको समेत बताइन् ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले एलक महिला सवाललाई आयोगको तर्फबाट कार्यान्वयन गर्न सरकारसँग सिफारिस गर्ने बताइन् । उनले आयोगले चालू आर्थिक वर्षमा सातवटै प्रदेशमा एकल महिलासम्बन्धी कार्यक्रम गरेर अवस्था अनुगमन गर्दा एकल महिलाको स्थिति नाजुक रहेको बताइन् ।

वैदेशिक रोजगाको कारणले होस् या विपत्मा परेर धेरै पुरुषको मृत्यु हुँदा महिला एकल भएको स्थिति छ । दश वर्षे माओवादी सशस्त्र द्वन्द्वमै पनि नौ हजारभन्दा महिला एकल भएको डब्लुएचआरको अध्ययनले बताउँछ । पछिल्लो समय सम्बन्धविच्छेदको तथ्याङ्क उच्च हुँदा पनि एकल महिलाको सङ्ख्या बढ्दै गएको अधिकारकर्मी पाण्डे बताउँछिन् ।

एकल महिलाको सङ्ख्या आकाशिँदै गर्दा उनीहरुले सम्मानजनक र न्यायोचित जीवनयापन गर्ने वातावरण राज्यले दिन नसकेको राष्ट्रिय महिला आयोगकी अध्यक्ष पराजुलीको बझाइ छ । उनले एकल महिलाले समाजमा आत्मसम्मानका साथ बाँच्ने वातावरण मिलाउने दायित्व परिवारसँगै राज्यको पनि हो । राज्यलाई पटकपटक एकल महिलाका लागि बनाएका कानून कार्यान्वयन गराउन सिफारिस गरिरहेको तर परिणाम प्रभावकारी नआएको बताउँछन् । एकल महिला सुरक्षा कोष मात्रै कार्यान्वयन हुन सके पनि धेरै एकल महिलाले राहत पाउने थिए - पराजुलीले भनिन् ।

## बिर्तासिटीमा ...

सुस्त हुने, छिट्टै थाक्ने गर्छन् डा. ज्योतिले भनिन् - कतिपय बालवालिकामा भने बच्चा आत्तिने, रिसाउने, झाडापखाला लागिरहने, धेरै गर्मी महसुस गर्ने समस्या देखा पर्ने गरेको छ ।

**को हो पिडियाट्रिक एन्डोक्राइनोलजी ?**

पिडियाट्रिक एन्डोक्राइनोलजी एक विशेष चिकित्सा क्षेत्र हो । जसले बालबालिहरुमा हार्मोनल विकारहरूमा ध्यान केन्द्रित गर्दछ । यस अनुशासनमा एन्डोक्रिनोलोजिस्टहरूले हर्मोन-सम्बन्धित अवस्थाहरूको विस्तृत अध्ययन गर्दै निदान र उपचार गर्छन् ।

जस्तै बालबालिकाहरुमा देखा पर्ने मधुमेह, थाइराइड असन्तुलित हार्मोनल समस्या, किशोरावस्थामा देखापर्ने वृद्धि विकास सम्वन्धि समस्याका क्षेत्रमा काम गर्छन् ।

**पिडियाट्रिक एन्डोक्राइनोलजीले बालबालिकाको कसरी उपचार गर्छन् ?**

इन्सुलिन थेरापी : टाइप वान मधुमेह भएका बालबालिकाका लागि इन्सुलिन चाहिन्छ । जसका कारण टाइप टु डाइबेटिज हुनबाट रोक्छ । यस्ता बिरामीले जीवनशैली परिवर्तन गर्न आवश्यक रहेको उनको भनाइ छ । नियमित व्यायाम र सन्तुलित भोजन गर्नु पर्ने उनको सुझाव छ ।

त्यस्तै ग्रोथ हार्मोनको कमी भएका बच्चाहरूले सामान्य वृद्धि र विकासमा मद्दत गर्न ग्रोथ हार्मोन थेरापी गर्दा बालवालिकाले सिंथेटिक ग्रोथ हार्मोन प्राप्त गर्ने उनको भनाइ छ ।

थाइरोइड हार्मोन प्रतिस्थापनका कारण थाइराइडको उचित कार्य सुनिश्चित गर्दै, थाइराइड हर्मोन प्रतिस्थापन औषधिसँग हाइपोथाइराइडिज्म जस्तै हार्मोन असंतुलनको व्यवस्थापन गर्ने गरिएको उनको भनाइ छ ।

मोटोपना देखिएका बच्चाहरुले नियमित व्यायाम गर्नु पर्ने, सन्तुलित भोजन गर्नु पर्ने उनको सुझाव छ । बालबालिकाका अभिभावकहरुले बालबालिकालाई विषेश निगरानीमा राख्नु पर्ने र खानपानमा ध्यान दिन जरुरी रहेको उनले बताइन् ।

**को हुन् पिडियाट्रिक एन्डोक्राइनोलजी डा. ज्योति अग्रवाल**

पूर्ण टुङ्ग बिर्तासिटी अस्पतालमा कार्यरत पिडियाट्रिक एन्डोक्राइनोलजी डा. ज्योति अग्रवाल पूर्बमा कार्यरत एक मात्र बालरोग विशेषज्ञ हुन् । पिडियाट्रिक एन्डोक्राइनोलजी एक विशेष चिकित्सा क्षेत्र हो ।

उनले पिडियाट्रिक डाइबेटिजमा जापानबाट स्पेशल ट्रेनिङ लिएकी छन् भने ग्रो सोसाइटी अन्तर्गत पिडियाट्रिक एन्डोक्राइनोलजीमा दुई वर्षे फेलोसिप कानपुर भारतबाट गरेकी छन् ।

नेपाल मेडिकल कलेजबाट एमबीबीएस् गरेकी डा. आग्रवालले एमडी पिडियाट्रिक बीपी कोइराला धरानबाट गरेकी हुन् । सन् २०१२ मा एमडी गरेकी डा. अग्रवालले धरानमै सह-प्राध्यापकका रुपमा दश वर्ष काम गरेकी छिन् । उनले सोही समयमा पिडियाट्रिक एन्डोक्राइनोलजीमा फेलोसिप गरेकी हुन् । उनी हाल दुई वर्षदेखि पूर्ण टुङ्ग बिर्तासिटी अस्पतालमा कार्यरत छिन् ।

## जीवाणु ...

लागि निकट भविष्यमै मेचीनगर, अर्जुनधारा, शिवसताक्षी नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा समेत उद्योग सञ्चालनको तयारी रहेको बताए ।

कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टले जिल्लामा एक मात्र हाई हिमालयन अर्गानिक प्रालि मात्र जीवाणु मलको कारखाना रहेको बताए । उनले विगतमा कारखाना स्थापनाका लागि सरकारले रु. ४० लाख अनुदान समेत प्रदान गरेको जानकारी दिए ।

प्राङ्गारिक मलको तुलनामा जीवाणु मल धेरै उत्तम र सस्तो हो- उनले भने -यो मल पटकपटक प्रयोग गरिरहनु पर्दैन, यसले मोटोको गुणस्तर सुधार गर्ने र निरोगी बनाउने, लागत खर्च समेत घटाउँदै लैजाने गुण हुन्छ ।

उनका अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट नेपालको औद्योगिक विकासमा उल्लेखनीय योगदान पुर्‍याएकोमा घिमिरेले हालै रु. दुई लाख नगद पुरस्कारसमेत पाएका छन् ।

## अस्पतालको ...

डिएसपी भेषराज रिजालले जानकारी दिए । उनी विहीवार बिहान १० बजेर ४० बजे अस्पतालको झ्यालबाट खसेका थिए । डीएसपी रिजालका अनुसार दृष्टिविहीन मगर बाटो खोजेर बाहिर निस्किने क्रममा झ्यालबाट खस्न गएको जानकारी आएको थियो ।


सामुदायिक विद्यालय

**शनिश्चरे माध्यमिक विद्यालय**

अर्जुनधारा-८, शनिश्चरे (झापा)

स्थाः २००५

मिति : २०८१।०४।०३

**दरखास्त आह्वान गरिएको सूचना**

यस विद्यालयमा रिक्त रहेको साविक उच्च माध्यमिक तह (मा.वि. द्वितीय ) श्रेणीको तलब भत्ता खाने गरी नेपाली विषयको दरबन्दीमा पदपूर्तिका लागि शिक्षा विकास तथा समन्वय इकाई भद्रपुर, झापाको मिति २०८१।०२।३० गतेको च.नं.१५३१ को अनुमति र शिक्षक छनौट समितिको मिति २०८१।०४।०३ को बैठकको निर्णय अनुसार खुला प्रतियोगिताबाट करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले दरखास्त आह्वान गरिएको छ ।

१.

| क्र.सं. | विज्ञापन नं. | विषय | पद | तह | श्रेणी | संख्या | किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | नेपाली | शिक्षक | माध्यमिक | द्वितीय | १ | करार |

२. **न्यनतम् शैक्षिक योग्यता**: मान्यता प्राप्त शैक्षिक संस्थाबाट नेपाली विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।
३. **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. **सेवा सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार ।
५. **दरखास्त दिने म्याद/अन्तिम म्याद** : २०८१/०४/०४ गतेदेखि २०८१/०४/१८ गते अपरान्ह ४:०० बजे सम्म ।
६. **परीक्षाको किसिम** : लिखित, मौखिक र प्रयोगात्मक (आवश्यक्ता अनुसार)
७. **सम्पर्क मिति** : २०८१/०४/१९ गते ।
८. **परीक्षा मिति** : २०८१/०४/२६ गते ।
९. **परीक्षा दस्तुर** : रु.१५०० एक हजार पाँच सय रुपैंया मात्र ।
१०. **आवश्यक कागजातहरू** :
क) शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
ग) पासपोर्ट साइजको फोटो २ प्रति ।
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि १ प्रति ।
ङ) हस्त लिखित निवेदन १ प्रति ।

**नोट : म्याद नाघेर आएको र रीत नपुगेको निवेदन / दरखास्त मान्य हुने छैन ।**

**बिनोदकुमार गौतमः सदस्य सचिव**
**शिक्षक छनौट समिति**



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

टाउके लिम्बुको छोरी कृष्ण बहादुर लिम्बुको छोराबुहारी, डम्बर बहादुर लिम्बुको पत्नी १ नं प्रदेश पाँचथर जिल्ला काफलबोटे गा.वि.स वडा नं. -०१ स्थायी ठेगाना भई हाल कोशी प्रदेश (१ नं प्रदेश)को झापा जिल्ला कन्काई न. पा. वडा नं. -०८ बस्ने रनमाया सम्बाहाम्फेले यस शाखामा बचत खाता नं १८२१५२४०३००९३८ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७७/०९/१९ मा निज खातावाला कालमती लिम्बुनी भन्ने रनमाया सम्बाहाम्फेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरी नाता पर्ने निशा लिम्बुले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक खातावाला कालमती लिम्बुनीको भन्ने रनमाया सम्बाहाम्फेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिनु नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको विर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**विर्तामोड शाखा**
**मुक्तिचोक, विर्तामोड, झापा**
**फोन नम्बरः०२३-५३०९१०**



MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी । फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

**धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना**

**प्रथमपटक प्रकाशित २०८१/०१/१२)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैकबाट तपशिल बमोजिम कर्जा शिर्षक अन्र्तगत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनु पर्ने व्याज रकम समयमा नबुझाइ बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी, जमानतकर्ता लगायत ऋण/कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/०९/२४गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८०।०१।१२ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना र मिति २०८०।०३।१८ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्ने तर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं । धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरि लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङगास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८१/०४/१०) भित्र सोही कार्यालयमा बुझाउन सक्नु हुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ । बोलपत्र दर्ता गर्न अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ ।

**तपसिल**

**शाखा कार्यालय, सुरुङ्गा, झापा (०२३-५५०३११, ९८०२३०२७४७)**

| | |
|---|---|
| **१. व्यवसायिक कर्जा** | |
| **ऋणी तथा जमानकर्ताको तीन पुस्ते विवरण :** | |
| नेपाल सरकार बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यलय झापामा मिति २०७७/०९/१६ मा दर्ता नं. १४०७।१७१३।२०५०३ भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व बिभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुरबाट मिति २०७७/०९/१७ मा स्थायी लेखा नं. (पान) दर्ता प्रमाणपत्र नं. ६१४६७७५४० को प्रमाणपत्र प्राप्त **नरमाया फर्निचर उद्योग (प्रो. हेम कुमार सार्की )** ठेगाना : कन्काई न.पा. -७, झापा । | |
| **प्रोपाईटर/ जमानतकर्ता : हेम कुमार सार्की**<br>बावुको नाम : दिल बहादुर सार्की<br>बाजेको नाम : धन बहादुर सार्की<br>ठेगाना : कन्काई न.पा. ०७, झापा<br>ना.प्र.नं. : ०४/२९३५<br>जारी मिति : २०६३।०२।०१, झापा | **जमानतकर्ता**<br>नाम : नरमाया सार्की<br>बावुको नाम : लाल बहादुर सार्की<br>पतिको नाम : दिल बहादुर सार्की<br>ठेगाना : कन्काई न.पा. ०७, झापा<br>ना.प्र.नं. : ३२३५१२२<br>जारी मिति : २०५३/०२/२०, झापा |

**लिलाम बिक्री हुने सम्पतिको बिबरण :**
१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री नरमाया सार्कीको स्वामित्व रहेको कि.न. १०५९ क्षेत्रफल ०-१-०-०, घैलाडुब्बा - २, झापा स्थित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. **नोटः बोल पत्र पेश गर्दा उल्लेखित लिलाम बिक्री हुने सम्पूर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागि मात्र पनि कित्ता नं., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।**

**शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति** : २०८१/०४/१० गते दिउँसो ४ बजेसम्म ।
**शिलबन्दी बोलपत्र बुझाउने स्थानः** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय महेन्द्रपथ, धरान-१२, सुनसरी र शाखा कार्यालय सुरुङ्गा, झापा ।
**शिलबन्दी बोलपत्र खोल्ने स्थान** : मितेरी डेभलपमेन्ट बैंक लिमिटेड शाखा कार्यालय सुरुङ्गा झापा, ।
**शिलबन्दी बोलपत्र खुल्ने मिति** : २०८१/०४/११ गते
**शिलबन्दी बोलपत्र खुल्ने समय** : विहान ११:०० बजे ।

**पुनश्च :- ऋणी तथा जनानतकर्तालाई उल्लेखित ७ दिन भित्र बैंकमा सम्पर्क राखी बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पतिको संरक्षण गर्न समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।**


**श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित** - कार्यालय : **बिर्तामोड-१, झापा** ■ प्रकाशक : **भरतलाल गिरी,** ■ अध्यक्ष : **टोरुप प्रसाई,** ■ व्यवस्थापक : **चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९)** ■ प्रकाशन सहयोगी : **भानुप्रसाद शिवाकोटी** ■ सम्पादक : **एकराज गिरी**
■ कार्यकारी व्यवस्थापक : **होमप्रकाश अधिकारी (९८४२६३४७४०)** ■ सह-सम्पादक : **सुरेन्द्र भण्डारी** ■ अनलाइन संयोजक : **नरेन्द्र ढकाल** ■ डेस्क सम्पादक : **लक्ष्मण ढकाल** ■ लेखा : **सोमनाथ भण्डारी** ■ बजार व्यवस्थापक : **लीला आचार्य (९८१४०१८५७१)** ■ कम्प्युटर : **रुपा मुखिया/ सन्तोष अधिकारी**
■ बिर्तामोड प्रतिनिधि: **गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३** ■ प्रोसेसिङ : **गोपाल मण्डल** ■ प्राविधिक : **बद्री महतारा** **(कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४)** Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# सडक दुर्घटना न्यूनीकरण

**हाम्रो देशमा सडक दुर्घटनाले हामी आक्रान्त छौं । हाम्रो देशमा २०४७ सालपछि सडक विस्तारको क्रम तीव्र भएको छ। यो राष्ट्र विकासका लागि आवश्यक पनि छ । उच्च प्राविधिक ज्ञानविना निर्माण भएका ग्रामीण सडक अनगिन्ति छन् । जसको अवस्था दयनीय छ । कतिपय ग्रामिण सडक त केबल डोजरको सहारामा उर्वरभूमि, वनस्पति भत्काउने र भू-क्षय गर्ने मात्र सावित भएको देख्न सकिन्छ । लोकतन्त्रको पुनर्बहालीपछि खुलाबजार र उदार अर्थनीति अख्तियार गरेपछि देशमा यातायात क्षेत्रको तीव्र विकास भएको हो । जनसंख्याको चाप, पुराना गाडी, वेपरवाह चालक, ओभरलोड, धुलो र खाल्टा भएको मार्ग तर पनि सबै यात्रुलाई गन्तव्यमा पुग्नैपर्ने बाध्यता नेपालीको साझा समस्या भएको छ ।**

**देशका विभिन्न भागमा भएका सडक दुर्घटना एवम् धनजनको क्षतिका खबर प्रायः दिनहुँ सुन्नमा आउँछन् । ती सडक दुर्घटनाबाट भएको धनजनको क्षतिभन्दा पनि सडक दुर्घटनामा नसोचेको, नसम्झेको अकस्मात् मृत्यु हुने परिवारमा परेको चोट, बेदना र रुवावासी निकै कारुणिक हुन्छ। त्यसमा पनि अत्यधिक दुर्घटनाका सिकार हुने निम्न आय भएका विपन्न र मध्यम वर्गीय जनता नै हुन् भन्नेमा विमति राख्ने ठाउँ छैन । चिल्ला मोटरमा सवार हुने सम्पन्न वर्गभन्दा निम्न विपन्न वर्ग नै यसबाट बढी पीडित हुने गरेका छन् । यस्ता सडकका समस्यालाई न्यूनीकरण गर्ने निकाय र उपाय छन् वा छैनन् भन्ने प्रश्न महत्त्वपूर्ण हो । सरकार छ, ट्राफिक प्रहरी छ, चेकपोष्ट छन्, यातायात व्यवस्था विभाग छ, यदाकदा छानबिन आयोग समेत पनि त बनेका छन् । तर, किन हो झन्झन् आजभोलि सडक दुर्घटना बढ्दै गएको छ । त्यस्ता सडक दुर्घटना न्यूनीकरण गर्न प्रथमतः सरकारले गाडीमा टिकट व्यवस्था अनिवार्य गर्नुपर्छ । जसबाट सरकार, यात्रु र यातायात व्यवसायीलाई समेत राहत र फाइदा हुने गरी चिन्तनमनन छन् भन्ने मलाई लाग्छ ।**

**दुर्घटना घटाउन गाडीमा यात्रु संख्या, मापदण्ड चेकजाँचलाई समेत सजिलो हुने र गाडी संख्या वृद्धि गर्न सजिलो सावित हुन्छ । कम्पनीबाट वा व्यक्तिगत संस्थाबाट सञ्चालित गाडीबाट कर लिन समेत सहयोग हुन्छ । दुर्घटना न्यूनीकरण गर्ने धेरै उपायहरू अवलम्बन गर्न सकिन्छ । यात्रु सचेतना कार्यक्रम, दक्ष चालक तथा लामो दूरीमा दुई जना चालक व्यवस्था, सडकमा सिन्डिकेटको एकाधिकारलाई खारेज गरेर खुल्ला प्रतिस्पर्धामा सुविधाजनक रूपमा गाडी सञ्चालन, दुर्घटना छानबिन समितिले दिइएका सुझावलाई लागू गर्ने, गाडीमा क्षमताभन्दा यात्रु वा सामान बढी नराख्ने, ट्राफिक र गाडीका समितिबाट निरन्तर अनुगमन, चालक र सहचालकलाई छुट्टै पोशाकको व्यवस्था, गाडीभित्रै डस्टबिन, फोहोर तथा बान्ता नियन्त्रण गर्नका लागि कन्टेनरको व्यवस्था गर्न सकिन्छ ।**

**नियम छ, नीति छ, कानून छ, तर कार्यान्वयन भएन भने त्यो नीति, नियमको के काम- मूलतः ग्रामीण सडकमा यात्रुले व्यहोर्नुपर्ने कठिनाइमा ट्राफिक प्रहरीको दृष्टि नपर्ने हुँदा पनि सडक दुर्घटनाका सम्भावना बढी हुन्छन् र विद्यमान यातायात क्षेत्रको समस्या चुनौतिपूर्ण छ । यसरी नै कच्ची सडकको विस्तार हुँदै जाँदा एकातिर भू-क्षयमा वृद्धि हुने र अकोर्तिर हरेक वर्ष हुने दुर्घटनाले डरलाग्दो क्षति हुने गर्छ । शहरी क्षेत्रका सवारीसाधनमा कति सिटमा महिला, वृद्धा, अपाङ्ग, ज्येष्ठ नागरिकको सिट लेखिएको हुन्छ । तर, सबैभन्दा यात्रा कष्टमय तिनले नै व्यहोर्नु परेको देखिन्छ । नियम छ, नीति छ, कानून छ, तर कार्यान्वयन भएन भने त्यो नीति, नियमको के काम- मूलतः ग्रामीण सडकमा यात्रुले व्यहोर्नुपर्ने कठिनाइमा ट्राफिक प्रहरीको दृष्टि नपर्ने हुँदा पनि सडक दुर्घटनाका सम्भावना बढी हुन्छन् र विद्यमान यातायात क्षेत्रको समस्या चुनौतिपूर्ण छ । यसरी नै कच्ची सडकको विस्तार हुँदै जाँदा एकातिर भू-क्षयमा वृद्धि हुने र अर्कोतिर हरेक वर्ष हुने दुर्घटनाले डरलाग्दो क्षति गराइरहेको छ। अतः यस विषयका नीति-निर्माण प्रहरी, प्रशासन लगायत आम नागरिक समेत सचेत बन्नु जरुरी देखिन्छ ।**

### सामाजिक सञ्जाल



सार्वजनिक विद्यालयमा उच्च माध्यमिक तहको पढाई समेत पूर्ण निःशुल्क गर्ने नीति उपयुक्त र व्यवहारिक छैन । जापान, कोरिया जस्ता धनी देशमा समेत सार्वजनिक विद्यालयमा कक्षा ९ सम्म मात्र शिक्षा निःशुल्क छ । बरू शैक्षिक गुणस्तरको सुनिश्चितता हुने गरी आधारभूत तहमा सरकारको लगानी बढाइयोस् ।

**– सूर्यराज आचार्य**



आफू दिल्ली लखनउतिर बसेर भएको समाज भत्काएर जातीय उन्मुक्तिको आवरणमा आफू सुख-सुविधा भोग गर्दै एउटा समाजलाई अर्को समाजसँग भिडाएर अब कुन खालको समाजवाद चाहियो ? अबको दुनियाँ व्यक्तिवादी चरित्रमा गइ सक्यो ।

**– जगदिश्वर थापा**

# राजनीति किन र के का लागि ?



**खगेन्द्र कर्ण**

के २१औं शताब्दीमा लोकतन्त्र खतरामा छ ? यहाँ केही संकेतहरू देखिन्छ, जसले निश्चितरूपमा लोकतान्त्रिक संस्थाहरूलाई राजनीतिक भागबण्डाको जामा लगाएर कब्जा गर्ने प्रयास गर्दैछ, लोकतान्त्रिक प्रणालीलाई ध्वस्त पार्दैछन् । लोकतान्त्रिक संस्थाहरूलाई आफ्नो विरोधीलाई समाप्त गर्ने हतियारको रुपमा प्रयोग गर्ने रणनीति बनाउँदै छन् । अदालत, प्रेस, अख्तियार, निर्वाचन आयोग लगायत प्रहरी प्रशासनलाई आफ्नो राजनीतिक अभिष्ट पूरा गर्ने माध्यम बनाएका छन् । जसलाई मुलुकका लागि शुभ संकेत मान्न सकिँदैन । अल्पसंख्यकबिरुद्ध कानून बनाउने र बहुसंख्यकलाई सत्तामा पुग्न सजिलो बनाउने उपायहरूको खोजी गर्नु 'डुप्लिकेट डेमोक्रेसी'का अभ्यास हुन् । जातीयताका नाम राजनीति गरेर अल्पसंख्यकलाई दबाउन खोज्नु आफैंमा अलोकतान्त्रिक चरित्र हो ।

विकसित अर्थतन्त्र भएको देशहरूमा नागरिकहरूको बीचमा आर्थिक असमानताले निर्वाचित सरकारबिरुद्ध असन्तुष्टिका स्वर गुञ्जिन थालेको छ । बढ्दो आर्थिक असानताका कारणले जनसंख्यीकीय बनोट भत्किँदै गएका छन् । निर्वाचित सरकार र समाजका बीचमा अविश्वासको खाडल गहिरिएर गएको छ । आर्थिक उदारीकरणको नाममा आएको निजीकरणले सरकारी सेवाहरू प्रभावहीन बन्न पुगेको छ । निजी संस्थाको मनोमानीपन र सरकारी संस्थाहरूका अकर्मण्यताका कारणले लोकतान्त्रिक प्रक्रियामा सहभागिता जनाउन नागरिकहरूले उदासिनता जनाउन थालेका छन् ।

लोकतान्त्रिक देशहरूको मतदान प्रतिशतमा ह्रास आएको छ । सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक भारतमा हालसालै भएको निर्वाचनमा मतदान प्रतिशत अघिल्लो निर्वाचन भन्दा आठ प्रतिशतले घटेको छ । झन बंगलादेशको निर्वाचनमा अघिल्लो निर्वाचनभन्दा मतप्रतिशत लगभग ५० प्रतिशत ह्रास आएको छ ।

नेपाल जस्तो मुलुक जहाँ भ्रष्टाचार, व्यतिथि र कुशासनले जड गाडेको छ, सरकारमाथि नागरिकको विश्वास टुट्न थालेको छ । नयाँ संविधान निर्माण भएपछि दलहरूले गरेको सता केन्द्रित राजनीतिका कारण लोकतान्त्रिक प्रक्रियामाथि जनविश्वास घट्दो छ । २०७४ सालको निर्वाचनमा नेकपा एमाले र माओवादीले ल्याएको मत उत्साहजनक थियो । तर नेताहरूको बीचको टकरावले त्यो मतको दुरुपयोग भयो । जनपक्षीय कार्य हुन सकेन । यसले जनताका दलीय विश्वासमा अपुणनीय क्षति भएको छ ।

२०७९ सालको निर्वाचनको डेढ वर्षमा पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले पाँच पटक विश्वास मत लिनु पऱ्यो । यो डेढ वर्षको अवधिमा संघीय सरकारमा ५५ जना मन्त्री बने । सातै प्रदेशका सरकारहरू हेरफेर भइरह्यो । प्रदेशमा मुख्यमन्त्री र मन्त्रीहरू 'आयाराम गयाराम' जस्तै भयो । शपथ ग्रहणलगत्तै मन्त्रीहरूमा पद जाने चिन्ताले गाँजेको देखियो । त्यसको प्रत्यक्ष प्रभाव अर्थतन्त्र, विकास निर्माण र शुशासनका क्षेत्रमा पऱ्यो । अनावश्यक निर्णय गर्दै राज्यको ढुकुटीलाई दुहुनो गाई बनाए । ऐन, नियम, कानूनलाई तिलाञ्जली दिँदै आफू अनुकुल निर्णय गराउने प्रपञ्च रच्नैमा दिमाग खियाइरहे ।

कर्मचारीतन्त्र कमाउ धन्धामा लागि रहे । सबै दलका सबै नेताका धन्दा जोगाड गरेर अर्को निर्वाचनका लागि आर्थिक संकलन गर्नेतर्फ केन्द्रित रह्यो । यो डेढ वर्ष नेपालको राजनीतिका लागि उथलपुथलपूर्ण नै रह्यो । प्रचण्ड संसदीय मूल्य र मान्यतालाई धज्जी उडाउँदै



काांग्रेस र एमालेलाई खेलाएर सत्ता टिकाउने ध्याउनमा थिए । प्रचण्ड जनयुद्धकालमा सरकारद्वारा घोषित आतंककारी थिए । संसदीय व्यवस्थामा आएपछि उनी आफैले घोषणा गरेर उथलपुथलकारी बने । देशको अमूल्य समय, साधन र स्रोत दुरुपयोग गरे ।

छिमेकी मुलुकका प्रधानमन्त्रीहरू नयाँ-नयाँ विकासका योजना बनाउन व्यस्त भइरहँदा नेपालका प्रधानमन्त्री प्रचण्ड नयाँ-नयाँ सत्ता गठबन्धनको आविष्कारमै व्यस्त रहे । र, पाँचै वर्ष सत्तामा टिकिरहने तानाबाना बुनिरहे । नेपालको विकासको गति धीमा हुन पुग्यो । आर्थिक वृद्धिदर सन्तोषजनक हुन सकेन । कुनै पनि क्षेत्र आशालाग्दो छैन । सबै क्षेत्र तहसनहस बनाए । जनताका आधारभुत आवश्वकताको रुपमा रहेको शिक्षा, स्वास्थ्य र रोजगारीको अवस्था कहाली लाग्दो छ । स्रोत सुनिश्चित नभइ विकास निर्माणका योजना ठेक्का लगाउने परम्परा नै बन्यो । ती योजनाका भुक्तानी निर्माण व्यवसायीहरूलाई दिन नसकेर यो क्षेत्र तहसनहस बनेको छ । देश र जनताप्रति न्युनतम संवेदनशिलता पनि नदेखिने राजनीति आखिर किन र केका लागि ?

तीन पटक प्रधानमन्त्री बनेर पनि असफल भइसकेका एमाले अध्यक्ष केपी ओली पुनः चौथौ पटक प्रधानमन्त्री बनेका छन् । राजनीतिक प्रतिस्पर्धी नेपाली कांग्रेसको समर्थनमा उनी प्रधानमन्त्री बनेका हुन् । उनका अघिल्ला तीन कार्यकाललाई हेर्ने हो भने खासै ठूलो अपेक्षा राख्नु महाभुल हुनेछन् । उनका गतिविधि जनताका आधारभुत आवश्यकताभन्दा पनि भ्युटावर र पानी जहाज जस्ता महत्वाकांक्षी योजनामै ब्यतित भएका थिए । घर-घरमा ग्यासका पाइप, पूर्व-पश्चिम् रेल्वे, दमकमा अर्बौंको भ्युटावर लगायत अनावश्यक खर्चिलो परियोजनामा लगानी गरेर जनतालाई पीडामाथि पीडा थप्ने कामबाहेक केही गर्न सकेनन् ।

जनताको मुख्य प्राथमिकता स्वास्थ्य, शिक्षा र रोजगारी नै हुन् । बाँकी राजनीति गर्नेले जे गरुन जनसरोकारका खासै चासोको बिषय हुँदैन । देशको मुख्य स्वास्थ्य केन्द्र वीर अस्पतालको अवस्था यस्तो छ कि समान्य पथरीको शल्यक्रिया गराउन छ महिना पालो कुर्नुपर्छ । निजी स्वास्थ्य क्षेत्र यति महँगा छन् कि ती अस्पतालमा उपचार गराउनुभन्दा रोग लुकाएर बस्ने गरेका छन् । त्रिवि शिक्षण अस्पतालको हालत पनि फरक छैन । कोशी प्रदेशकै सबैभन्दा ठूलो अस्पताल वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान जहाँ नेपालकै सबैभन्दा बढी नागरिक उपचार गराउन पुग्छन् त्यहाँ एउटा एमआरआइ मेसिन समेत छैन । निजी अस्पतालमा उपचार गराउन बाध्य हुन्छन् ।

मधेशमा स्वास्थ्य क्षेत्रको अवस्थाको चित्रण गरेर साध्य छैन । एउटा पनि अस्पतालमा गुणस्तरिय उपचार हुँदैन । विराटनगर अथवा काठमाडौं जस्ता सहरमा उपचार गराउनुपर्ने बाध्यता हुन्छ । कर्णालीका जनता स्वास्थ्य उपचार गराउन नेपालगञ्ज पुग्नुपर्छ ।

शिक्षा क्षेत्र यसरी तहस नहस बनाइएको छ कि एसईइको परिणाममा उत्तीर्णभन्दा अनुत्तिर्ण प्रतिशत बढी हुन्छन् । किन यस्तो भयो होला ? उच्च शिक्षा हासिल गर्न नेपालका विश्वविद्यालयभन्दा विदेशी विश्वविद्यालयतर्फ जाने विद्यार्थीको लाइन लागेको छ । किन हाम्रो शिक्षण संस्थामाथि यत्रो अविश्वास ? कारणहरू पता लगाउनुपर्छ । अन्य कारणहरू पनि होला, तर मुख्य कारण राजनीति नै हो । विश्वविद्यालय दलिय भागबण्डाको केन्द्र बनेको छ । आफ्ना दलका कार्यकर्तालाई भर्ति गर्दै मेरिटोक्रेसीलाई तिलाञ्जली दिएका छन् । समयमा परीक्षा नहुनु र भएको परीक्षाका रिजल्ट महिनौंसम्म कुर्नु यी समान्य बिषय हुन् ।

रोजगारी सिर्जना गर्ने जिम्मेवारी निजी क्षेत्रलाई सुम्पिएका छन् । नीजि क्षेत्रले गर्ने श्रम शोषणको बिषय राजनीतिक दलको एजेन्डा बन्दैन । थौरे पारिश्रमिक पाएर नेपालमा बस्नुभन्दा बरु विदेशमै दुःख गर्ने भाष्य निर्माण भएको छ । सरकारी नीति कुनै त्यस्तो छैन जसले गर्दा युवाहरू नेपालमै बसेर केही नयाँ गरौं भन्ने सोच बनाउन सकोस् ।

एउटा कम्पनी दर्ता गर्दा पनि घुस नखुवाइ नहुने अवस्था छ । कर तिर्ने कम्पनीहरूलाई सरकारको तर्फबाट प्रोत्साहनभन्दा हतोत्साहित गर्ने खालको नीति वर्षैपिच्छे ल्याइन्छ । रोजगार गर्ने र रोजगारी सिर्जना वातावरण नै बिथोलिएको छ । स्थानीय सरकारहरू भ्रष्टाचारका नयाँ-नयाँ रेकर्ड कायम गर्दै अख्तियारद्वारा दिनहु मुद्दा दर्ता भएको समाचार पढन र सुन्न पाइन्छ । राजनीतिक दलभित्रका यी भ्रष्टाचारीलाई संरक्षण गर्ने काम केन्द्रीय नेतृत्वबाट हुने गरेको छ ।

घुमिफिरी रुम्जाटार भने जस्तै प्रचण्ड, ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले विगत १० वर्षदेखि यो देशलाई बन्धक बनाएका छन् । नयाँ भिजन भएका युवा नेतृत्वलाई आफ्नै दलभित्र प्रताडित गर्ने र आफ्ना पपेटलाई अगाडि बढाउने किसिमको गतिबिधिले यी दलहरूबाट परिवर्तन सम्भव छ भन्ने विश्वास गर्न छाडिसके । यस्तो सकसपूर्ण अवस्थाबाट देश गुज्रिएको छ ।

देशको मुख्य प्राथमिक्तालाई नजरअन्दाज गरी गरिने शासन फगत सिंहदरबारमा फोटो झुण्ड्याउनका लागि जनतासँग गरिने ठगी हुन् । जनताले पनि यस्ता ठग नेताहरूको पहिचान गरि लोकतान्त्रिक प्रक्रियाद्वारा दण्ड सजाय दिन सक्नुपर्छ । मतदानका बेला कम्तिमा शिक्षा, स्वास्थ्य र रोजगारीका सवालमा प्रतिबद्धता जाहेर गर्ने नेतृत्व छनौट गर्नुपर्छ । *इकागज*

# मेहेन्दी स्वास्थ्यका लागि खतरा



**पवन मुडभरी**

साउन महिनामा मेहेन्दी लगाउने प्रचलन निकै बढेको छ । हरियो चुरा र मेहेन्दी लगाउनैपर्छ भन्ने धार्मिक मान्यता नभए पनि पछिल्लो समय यसको प्रयोग फेसनकै रुपमा बढ्दो छ । तर, सुन्दर हुन लगाइने मेहेन्दीको असर खतनाक हुन सक्ने देखिएको छ । साउन महिनामा विशेषगरी हरियो चुरा र मेहेन्दीले हात सजाउने धेरै हुन्छन् ।

हातलाई सुन्दर देखाउन तथा साउन महिनासँग तालमेल मिलाउनकै लागि विषेश गरी महिला साउनमा मेहेन्दी लगाउने गर्दछन् । तर सुन्दर र आर्कषक देखिने होडबाजीमा मेहन्दी कति सुरक्षित छ भन्ने हेक्का धेरैलाई नहुन सक्छ । कृतिम रुपमा बनाइने मेहेन्दीमा छालाका लागि हानिकारक केमिकल वा रसाइन मिसाइएको हुन्छ । जुन केमिकल स्वास्थ्यका लागि निकै हानिकारक मानिन्छ ।

यस बाहेक प्राकृतिक मेहेन्दीले पनि केही व्यक्तिमा रियाक्सन गर्ने हुँदा एक्जिमा र इरिटेन्ट एलर्जीको समस्या देखिन सक्छ । अहिले बजारमा पाइने तयारी मेहेन्दीमा रंग गाडा बनाउन तथा रंग लामो समयसम्म टिकाउन प्रयोग हुने केमिकलले पनि छालाई असर गर्ने गर्छ । कतिपय मेहेन्दी रगतमा छिरेर शरीरभर एलर्जी हुनुका साथै क्यान्सरको जोखिम समेत बढाउने गरेको विभिन्न अध्ययनले देखाएको जानकार बताउँछन् ।

**मेहेन्दीको प्रयोग**

फेसियल हाउसकी प्रबन्ध निर्देशक वरिष्ठ सौन्दर्यविद् सुष्मा महरा फेसनकै रुपमा नेपाल, भारत लगायत मध्य पूर्वका विभिन्न देशमा मेहेन्दीको प्रयोग भइरहेको बताउँछिन् । अहिले मेहेन्दीकै जस्तो बुट्टामा ट्याटु बनाउने प्रवृत्ति पनि बढेको छ । हात खुट्टाको शोभा बढाउन, पूजाआजा गर्दा मेहेन्दी लगाउँदा चोखो हुन्छ भन्ने परम्परागत मान्यता छ । विशेषगरी साउनको महिना र विवाहमा यसको प्रयोग अनिवार्य मानिन्छ । त्यसैले सजगता अपनाउनुपर्छ । आफ्नो छाला कस्तोखालको छ यदि एलर्जी हुनेखालको छाला छ भने नलगाउँदा नै राम्रो हुन्छ । छालामा कुनै समस्या देखिएन भने लगाउँदा फरक नपर्ने उनको भनाइ छ ।

**मेहेन्दीले स्वास्थ्यमा पार्ने असर**

प्राकृतिक मेहन्दी आफैंमा नराम्रो नभए पनि मेहेन्दी गाढा बनाउन प्रयोग हुने विभिन्न केमिकलले हाम्रो छालामा असर गर्ने सौन्दर्यविद् महराको भनाइ छ । महराका अनुसार परापूर्व कालमा प्रायः सबैको घरमा मेहेन्दीको बोट नै हुन्थ्यो । त्यसको पात टिपेर सिलौटामा पिसेर हातमा लगाउँदा स्वास्थ्यमा निकै फाइदा पुग्छ भनिन्थ्यो । त्यो मेहेन्दी पिसेर टाउकोमा लगाउँदा शीतलता प्रदान गर्छ, टाउको दुख्ने समस्याबाट छुटकारा पाइन्छ भन्ने मान्यता थियो । तर, अहिले त्यो अवस्था रहेन बजारमा आउने सबै मेहेन्दी रशायनयुक्त नै हुन्छन् ।

यस्ता मेहन्दीले छालामा विभिन्न किसिमका एलर्जी आउने, कतिपयको त छाला घाउ नै हुने सम्भावना रहने उनको बुझाइ छ । मेहेन्दी लगाउँदा छाला चिलायो, पोल्यो, सकसक केही कुरा हिँडेको जस्तो गर्यो, सुन्नियो, पानीफोका निस्कियो भने त्यस्तो छालामा मेहेन्दी नलगाउन उनको सुझाव छ । लगाउनै मन लागेको भए रसायन नभएको मेहेन्दी लगाउन सकिने उनले बताइन् । पछिल्लो समय स्टिकरखालको मेहेन्दी आएको छ त्यस्तो मेहेन्दी पनि लगाउन सकिन्छ ।

**मेहेन्दी लगाइसकेपछि के गर्ने ?**

मेहेन्दीसँग विभिन्न विषय जोगिएका छन् । जहाँ मायाप्रेमका प्रसंग पनि छन् । पहिलेको बोटबाटै टिपेर घरमै बनाएको मेहेन्दी लगाउँदा मेहेन्दीको रङ जति राम्रो हुन्छ त्यति नै माया गर्ने मान्छे पाइन्छ भन्ने मान्यता थियो । मेहेन्दी रातभर राख्ने चलन समेत थियो । तर, अहिलेको मेहेन्दी लगाएर सुक्ने बित्तिकै कालो गाढा भएर बस्छ । त्यसैले यसलाई लामो समय राखिरहनु पर्दैन ।

**केमिकलको जोखिम**

यो केमिकलयुक्त मेहेन्दी लगाएको हातले खाना खाँदा छलामा मात्रै नभएर अन्य स्वास्थ्यमा पनि समस्या देखिने भएकाले मेहेन्दी नगएसम्म चम्चाले खान उनको सुझाव छ । त्यस्तै नेल पोलिसमा पनि केमिकलको मात्रा एकदमै धेरै हुने भएकाले औंलाहरु मुखमा हाल्नु नहुने उनको भनाइ छ । केमिकलयुक्त मेहन्दीको निरन्तर प्रयोगले दीर्घकालीन असर पर्ने उनको भनाइ छ । केमिकलयुक्त मेहन्दी शरीरको छालाबाट शरीरको भित्री अंगमा पुग्छ र त्यो केमिकलकै कारण मिर्गौलामा समेत जोखिम हुन सक्छ ।

मेहेन्दीको केमिकलकै कारण मिर्गौलामा समस्या हुने तथा क्यान्सर हुने जोखिम बढ्न सक्ने उनी बताउँछिन् । महिलाले मेहेन्दी जति गाढा भयो त्यति नै बढी माया गर्ने पति पाउने धार्मिक विश्वास गर्छन् । त्यसैले हरेक महिला आफ्नो हातमा मेहेन्दीको रङ गाढा होस् भन्ने चाहन्छन् । तर, स्वास्थ्यका हिसाबले हेर्ने हो भने मेहन्दीको रङ हातमा जति गाढा बस्छ, त्यति नै हानिकारक हुने उनको भनाइ छ । मेहेन्दीमा प्रयोग हुने केमिकलले रङ छालाको भित्रसम्म पुग्छ र मेहेन्दी गाढा हुन्छ, तर यसले छालालाई असर गर्ने उनले बताइन् ।

मेहेन्दीको एलर्जी छ वा छैन भनेर परीक्षण गरेर मात्र लगाउन सकिने उनको भनाइ छ । त्यसको लागि मेहेन्दीको थोरै मात्रा घाटी, काँखी वा शरीरको कुनै भागमा लगाएर २४ घण्टा राख्नुपर्छ । यो समयमा छाला चिलाउने, पोल्ने भएमा मेहेन्दीको एलर्जी रहेछ भनेर बुझ्न सकिन्छ । यस्तो अवस्थामा विज्ञको सुझाव अनुसार मेहेन्दी लगाउनुपर्छ ।

# बचत गर्ने आ–आफ्नै तरिका



**बिर्तामोड, साउन ३।** रकम बचत गर्ने आ-आफ्नै तरिका हुन्छ। हाल धेरैले बैंक, वित्तीय तथा सहकारी संस्थामा पैसा बचत गर्ने गरेका छन्। केही समयअघिसम्म गाउँघरतिर धेरै जसोले माटोबाट बनेको खुत्रुकेमा घर-घरमा रकम बचत गर्ने चलन थियो। गाउँघरतिर भने अझै पनि कतिपयले त्यसरी बचत गर्ने गरेका छन्।

धेरैजसो सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई माटोको मात्र नभएर फरक खालको खुत्रुके वितरण गरेर बचत गर्ने बानी बसाल्दै आएका छन्। झापाकै प्रमुख व्यापारी शहरको बिर्तामोडमा सञ्चालित एक पसलमा माटोको खुत्रुकेमा रकम बचत गरेर कोठाभाडा र आफूलाई समस्या पर्दा काम चलाउने गरिएको छ भन्दा पछिल्लो पुस्तालाई अचम्म पनि लाग्न सक्छ। तर, बिर्तामोड-१ स्थित अतिथि सदनको छेउमा रहेको ब्रदर्श फोटो स्टुडियोमा माटोको खुत्रुकेमा बिभिन्न शिर्षक राखेर पैसा जम्मा गर्ने गरिएको पाइएको छ।

ब्रदर्श फोटो स्टुडियोमा घरभाडा, मर्मतसम्भार, विविध खर्च लगायतका शिर्षक खुत्रुकेमै लेखी खुत्रुके बचत गरेको पाइएको हो। ब्रदर्श डिजाइन सेन्टर तथा फोटो स्टुडियोका सञ्चालकद्वय सन्तोष अधिकारी र प्रेमशील पौडेलले उक्त खुत्रुकेमा बिभिन्न शीर्षक राखी रकम जम्मा गरेर कोठा भाडा र कम्प्युटर मर्मत लगायतमा खर्च गर्ने गरेका छन्।

सञ्चालकद्वय पौडेल र अधिकारीले रकम बचत गर्ने खुत्रुकेकमा 'म कम्प्युटर बनाउन सहयोग गर्छु, मलाई सकेका बेला केही पैसा दिनुहोला' र अर्कोमा 'घरभाडा, मलाई दिनको दुई सय माथि दिनुहोला, म तपाईलाई थपथापमा काम लाग्नेछु जस्ता शीर्षक लेखेर माटोको खुत्रुकेमा रकम जम्मा गर्ने गरेका छन्।

त्यसरी जम्मा गर्दा कोठा भाडा र कुनै आपतविपद् पर्दा खाँचो टर्ने सञ्चालक मध्येका पौडेलको भनाइ छ। व्यापार-व्यवसाय गर्नेले कोठा भाडा तीर्न समस्या हुने गरेको बताउँदै पौडेले भने- 'यसरी बचत गर्दा थाहा नपाइकनै घर भाडा तिर्न सहज हुन्छ।' पौडेलले सबैलाई यसरी रकम बचत गरे घरभाडा र कुनै आपतविपद्मा मद्दत मिल्ने भएकाले खुत्रुकेमा बचत गर्न सबैलाई आग्रह समेत गरेका छन्।

# लोकतान्त्रिक साना होटल व्यवसायी संघले स्थापना दिवस मनायो




**झापा, साउन ३।** नेपाल लोकतान्त्रिक साना होटल व्यवसायी संघले आफ्नो दोस्रो स्थापना दिवस स्थापना दिवस मनाएको छ।

नेपाली कांग्रेस निकट साना होटल व्यवसायी संघले कांग्रेससँग व्यवसायी, व्यवसायीसँग कांग्रेस नाराका साथ दिवस मनाएको हो। होटल व्यवसायीहरुले मानव सेवाका क्षेत्रमा अतुलनीय योग्दान दिएको भन्दै काठमाडौं महानगरपालिका-२६ मा रहेको मानव सेवा आश्रममा लोकतान्त्रिक साना होटल व्यवसायी संघले आफ्नो स्थापना दिवस मनाएको हो।

लोकतान्त्रिक साना होटल व्यवसायी संघका केन्द्रिय अध्यक्ष लीलाप्रसाद ढकालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथी कांग्रेस केन्द्रिय सदस्य अजयबाबु शिवाकोटीले लोकतान्त्रिक साना होटल व्यवसायी संघले मानव सेवाको क्षेत्रमा पुऱ्याएको योग्दानको प्रशंसा गरे।

उनले भने- होटल व्यवसायीहरुले होटलमै केट काटेर भव्य कार्यक्रम गर्न सक्थे तर, मानव सेवालाई पहिलो प्राथमिकता दिएर आश्रममा कार्यक्रम गर्नु उदाहरणीय कार्य हो। प्रमुख अतिथी शिवाकोटीले लोकतान्त्रिक साना होटल ब्यवसायी संघले अहिलेसम्म गरेको कामको प्रशंसा गर्दै मानव सेवाका क्षेत्रमा अझ धेरै काम गर्न शुभकामना दिए।

कार्यक्रममा काठमाडौं महानगरपालिका-२६ का वडाध्यक्ष खेमराज तिवारीले लोकतान्त्रिक साना होटल व्यवसायी संघले स्थापना दिवसका अवसरमा मानव सेवाका क्षेत्रमा गरेको कामको प्रशंसा गरे। स्थापना दिवसमा अवसमा लोकतान्त्रिक साना होटल ब्यवसायी संघले गेको कामको बारेमा बोल्दै केन्द्रिय अध्यक्ष ढकालले अब हरेक कांग्रेस नेता तथा कार्यकताहरुले यस्ता सेवा मुलक कार्यमा काम गर्नुपर्ने विचार व्यक्त गरे।

उनले मानव सेवा आश्रम मात्र नभई देशभर रहेका वृद्धाश्रम तथा बालआश्रममा कार्यक्रम गर्दै मानव सेवाका क्षेत्रमा सबैलाई अभिप्रेरित गर्नुपर्ने उल्लेख गरे। उनले लोकतान्त्रिक साना होटल व्यवसायी संघले हालसम्म गरेका कार्यक्रमका बारेमा जानकारी गराएका थिए। मानव सेवा आश्रमले स्वागत गरेको कार्यक्रमको सञ्चालन लोकतान्त्रिक साना होटल व्यवसायी संघका महासचिव खिमानन्द बस्यालले गरेका थिए।

कार्यक्रममा लोकतान्त्रिक साना होटल ब्यवसायी संघका पदाधिकारी, सदस्य तथा कांग्रेस नेता तथा कार्यकताहरुको उल्लेख्य सहभागिता रहेको थियो। सोही अवसरमा मानव सेवा आश्रममा रहेका आमा-बुबाहरुलाई खाना खुवाइएको थियो। लोकतान्त्रिक साना होटल व्यवसायीहरुको जिल्लागत विस्तार भइरहेको र हालसम्म ३० भन्दा बढी जिल्लामा संगठन विस्तार भएको जनाइएको छ।

# सात दिनपछि पिन्डलबारी गाउँमा बिजुली बल्यो



**भद्रपुर, साउन ३।** भौगोलिक दृष्टिकोणले झापा जिल्लाकै विकट र दुगर्म मानिने कचनकवल गाउँपालिका-१ स्थित पिन्डलबारी गाउँमा एक सातापछि विद्युत् सेवा सुचारु भएको छ।

बिरिङ खोलामा आएको बाढीले तीन वटा विद्युतीय पोल र तारमा क्षति पुराएपछि पिन्डलबारीका बासिन्दा एक साता अन्धकारमा बस्न बाध्य भएका थिए। नेपाल विद्युत् प्राधिकरण भद्रपुर वितरण केन्द्रले अस्थायी रुपमा १०० केभी भोल्टेजको एउटा ट्रान्सफर्मर राखेर बुधबार दिउँसोदेखि गाउँमा विद्युत् सेवा सुचारु गरेको केन्द्र प्रमुख राजमणि बजगाँईले जानकारी दिए।

बिरिङ खोलाको बीचमा रहेको तीन वटा पोल बाढीले ढालेकोले केही दिन सेवा अवरुद्ध भएको बताउँदै केन्द्र प्रमुख बजगाँईले भने- 'बाढीले ११ हजार केभी भोल्टेजको हाइटेन्सन बिजुलीको पोल ढालेको हो, खोला बढेको र मानवीय क्षतिलाई मध्यनजर गरी सेवा अवरुद्ध बनाइदिएको थियो।'

क्षति पुगेका पोलहरू अहिले नै बनाइ सेवा सुचारु गराउने अवस्था थिएन। त्यही भएर खोला वारी अस्थायी रुपमा टान्सफर्मर राखेर तत्काललाई गाउँमा बिजुली पुऱ्याएको उनले बताए। बर्खायाम सकिएपछि मात्र ढलेका पोलहरू पुनः मर्मत सम्भार गरिने उनको भनाइ छ।

१४७ घरधुरी रहेको पिन्डलबारी गाउँमा विद्युत् सेवा अवरुद्ध भएको थाहा पाए लगत्तै झापा-३ बाट निर्वाचित सांसद तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन विद्युत् प्राधिकरणका प्रमुख तथा कर्मचारी लिएर स्थलगत अवलोकन गरेका थिए। अवलोकन पश्चात् वैकल्पिक रुपमा विद्युत् सेवा सुचारुका लागि सांसद लिङ्देनले पहल गरेका थिए।

# दुर्घटनामा दुई जनाको मृत्यु




**मोरङ, साउन ३।** सुनसरीका दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ।

धरान-१३ स्थित कोशी लोकमार्गमा भेडेटारतर्फ जाँदै गरेको प्रदेश १-०२-००२ ख ०१६० नम्बरको ट्रकमा विपरीत दिशाबाट आउँदै गरेको प्रदेश १-०२-०४८ प ४९२४ नम्बरको मोटरसाइकल ठक्कर लागि दुर्घटना हुँदा मोटरसाइकल चालक धरान-२० का १७ वर्षीय समर्पण राई घाइते भई उपचारको लागि स्थानीय बिजयपुर अस्पताल लगिएकोमा अस्पताल पुऱ्याउना साथ उनको मृत्यु भएको थियो।

त्यसैगरी, हरिनगर गाउँपालिका-२ स्थित हुलाकी राजमार्गमा मोटरसाइकलले ठक्कर दिँदा घाईते भएकी पैदलयात्री हरिनगर-१ की ५० वर्षीया दुखनीदेवी दासको उपचारको क्रममा गोल्डेन अस्पताल बिराटनगरमा मृत्यु भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

दुर्घटनामा संलग्न ट्रक चालक झापा कमल गाउँपालिका-१ का प्रेमबहादुर न्यौपाने र मोटरसाइकल चालक भारत अररियाका सुरज दासलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।


**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*





सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




| बिर्तामोड सम्पर्क | दमक सम्पर्क: |
|---|---|
| राजुकुमार श्रेष्ठ | देवी सिटौला |
| ९८५२६४६००५, ९८०६०१०४१० | ९८२४९७९१८५, |
| ९८४२६३४६२, ०२३-५४६००५ | ९८४२७६०२६५, |
| | ९८४२३३२४३० |

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल

### सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना

प्रथमपटक प्रकाशित मितिः २०८१।०३।०४

पूर्वतर्फ : | पश्चिमतर्फ : श्री ज्ञानबहादुर तामाङ्ग
उत्तरतर्फ : | दक्षिणतर्फ :

का नाममा जारी गरिएको १५ दिने सूचना

साविक चारपाने गाविस नगरोन्मुख गाविस, साविक चारपाने गाविस, साविक गरामनी गावि, वडा नं. ३ हाल बिर्तामोड नगरपालिका वडा नं. ५ बस्ने श्री तिलाश्वरी मानन्धरले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सासहित निवेदन पेश गर्नुभएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त विवरणमा तपाईको कुनै हकदाबी भए, यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाणसहित यस कार्यालयमा निवेदन पेश गर्नु होला । म्यादभित्र कुनै दाबीविरोध नभए कानून बमोजिम भई जाने व्यहोरा समेत सूचित गरिन्छ ।

तपशिल

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५ | १७९००८०१२ | २३९ | २७५.१३ | २०८०।०८।२९ | २०८०।१०।२५ | २०८१।०२।१८ |


**बिमालेख हरायो**

बिर्तामोडबाट भद्रपुर जाने क्रममा यही मिति २०८१/०२/२२ गते मेरो निम्न व्यहोराको एलआइसी/लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछौं ।

**नामः**- मैया किस्कू
**पोलेसी नं.**:- ६००००२४१९
**पोलेसी नं.**:- २००००२०८६६
**ठेगानाः**- बिर्तामोड -१०, झापा
**कम्पनी नामः** एलआसी लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड
**सम्पर्कः** ९८१६०५६८४६

**ताजा र विश्वसनीय समाचारका लागि**
www.purwanchaldaily.com
**लगइन गरौं।**


## माई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
सितली, इलाम, कोशी प्रदेश, नेपाल

### आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र/शिलवन्दी/दरभाउ पत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०४/०४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार यस नगरपालिकाको आगामी आ.व. २०८१/८२ का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षक अनुसारका आयमा राजश्व परामर्श समितको सिफारिश तथा नगर कार्यपालिकाको मिति २०८१/०३/०९ को ठेक्का बन्दोवस्त गर्ने निर्णयानुसार ठेक्का लिन चाहनु हुने योग्य फर्म/संस्थाहरुले यस कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गरी तोकिएको समयभित्र कार्यालय समयभित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ।

तपशील

| क्र.स. | ठे.नं. | ठेक्का शीर्षक | आ.व.२०८१/८२ का लागि प्राप्त न्युनतम अंक भ्याट बाहेक | बोलपत्र/शिलवन्दी दरभाउपत्र फाराम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फाराम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | MM/IR/01/081/82 | शुक्रवारे हाटबजार ठेक्का (पशु बजार बाहेक) | १,५०,०००। | १,०००। | २०८१/०४/१० गते दिनको १२.०० बजे | २०८१/०४/१० गते दिनको ५.०० बजेभित्र | २०८१/०४/११ गते दिनको २.०० बजे |
| २ | MM/IR/02/081/82 | सोमबारे हाटबजार ठेक्का | ४०,०००। | १,०००। | | | |
| ३ | MM/IR/03/081/82 | विहिवारे हाटबजार ठेक्का (टहरा बाहेक) | १०,०००। | १,०००। | | | |
| ४ | MM/IR/04/081/82 | मंगलवारे हाटबजार ठेक्का (टहरा बाहेक) | १०,०००। | १,०००। | | | |

ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ। विस्तृत जानकारीका लागि नगर कार्यपालिकाको कार्यालय वा फोन नं. ०२७-४१२२२२/९८५२६३९१११, website: maimun.gov.np मा सम्पर्क गर्नुहोला।

महेन्द्र विश्वकर्मा : प्रमुख प्रशासकीय अधिकृत


नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त**– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।***
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग रहेको छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय त्यति अनुकूल देखिएन, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको दिन अत्यन्तै बलवान रहेको छ, मान-सम्मानमा वृद्धि हुनेछ, आज व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।